रेइवा 2 साल जून 26 तारिख
जापान अध्यागमन सेवा एजेन्सी

# नोभल कोरोना भाइरस (कोभिड 19) को प्रभावले गर्दा जापान पुनः प्रवेश अनुमतिको मान्य अवधि भित्र जापान पुनः प्रवेश गर्न कठिनाइ भएका स्थायी बसोबासीहरूको लागि (रेइवा 2 साल जून 29 तारिख वा सोभन्दा पछि)

नोभल कोरोना भाइरस (कोभिड 19) को प्रभावले गर्दा जापान पुनः प्रवेश अनुमति वा विशेष जापान पुनः प्रवेश अनुमतिको मान्य अवधि भित्र जापान पुनः प्रवेश गर्न कठिनाइ भएका स्थायी बसोबासीहरू निम्न विधिद्वारा जापान पुनः प्रवेश गर्न सक्ने(*1) हुनाले, हाल रहेको स्थानको जापान दूतावास वा महावाणिज्य दूतावाससँग परामर्श लिनुहोस्।

[1] जापान पुनः प्रवेश अनुमतिको मान्य अवधि नाघेको भएमा वा मान्य अवधि भित्र जापान पुनः प्रवेश गर्न कठिनाइ भएमा

हाल रहेको स्थानको जापान दूतावास वा महावाणिज्य दूतावासमा जापान पुनः प्रवेश अनुमतिको मान्य अवधि लम्ब्याउन सकिने अवस्थाहरू हुन सक्छ।

[ मान्य अवधि समाप्त हुने मितिदेखि अधिकतम 1 वर्षको अवधि लम्ब्याउन सकिन्छ। ]

जापान पुनः प्रवेश अनुमतिको मान्य अवधि लम्ब्याइएको खण्डमा, नयाँ मान्य अवधि भित्र जापान पुनः प्रवेश गर्नुहोस्। लम्ब्याउन नसकेको खण्डमा, [2]को विधिद्वारा जापान प्रवेश गर्नुहोस्।

[2] विशेष जापान पुनः प्रवेश अनुमतिको मान्य अवधि नाघिसकेको खण्डमा (यसमा [1]को विधि गर्न नसकेको अवस्था पनि पर्छ।)

[ यसमा, जापान पुनः प्रवेश अनुमति वा विशेष जापान पुनः प्रवेश अनुमतिको मान्य अवधि समाप्त हुने मिति 2020 साल जनवरी 1 तारिखदेखि देश प्रवेश प्रतिबन्ध हटाइएको दिन (*2) को 1 महिना पछिसम्मको व्यक्ति पर्दछन्। ]

देश प्रवेश प्रतिबन्ध हटाइएको दिनदेखि 6 महिना पछिसम्ममा हाल रहेको स्थानको जापान दूतावास वा महावाणिज्य दूतावासमा "निर्धारित स्थायी बसोबासी" को भिसाको लागि आवेदन दिनुहोस्।

भिसा जारी गरिएमा, जापान प्रवेश गर्दा, "स्थायी बसोबासी" को रूपमा जापान प्रवेश गर्नको लागि जापानको विमानस्थलमा फरक

प्रक्रिया गर्न सकिन्छ।

*1 यस नीतिको दायरामा पर्ने व्यक्ति भए तापनि, हाल रहेको देश वा क्षेत्रको देश प्रवेश प्रतिबन्ध हटाइएको नभएमा, विशेष परिस्थिति भएको भनेर अनुमति दिइएको बेला बाहेक अन्य अवस्थाहरूमा जापान प्रवेश गर्न अनुमति दिइनेछैन।
तलको न्याय मन्त्रालयको होमपेजमा हेरेर निश्चय गर्नुहोस्।
http://www.moj.go.jp/content/001327505.pdf

*2 देश प्रवेश प्रतिबन्ध हटाइएको दिन भनेको, हाल रहेको देश वा क्षेत्रमा अवतरण अस्वीकार तथा जारी गरिसकेको भिसाको वैधतामा लगाइएको रोक, दुबै हटाइएको दिन हो।
सम्बन्धित देश वा क्षेत्रको प्रवेश प्रतिबन्ध स्थितिबारे तलको न्याय मन्त्रालयको होमपेजमा हेरेर निश्चय गर्नुहोस्।
http://www.moj.go.jp/nyuukokukanri/kouhou/nyuukokukanri01_00154.html

*3 [1] र [2] को प्रक्रियामा आवश्यक कागजातहरूबारे तलको परराष्ट्र मन्त्रालयको होमपेजमा हेरेर निश्चय गर्नुहोस्।
https://www.mofa.go.jp/about/emb_cons/mofaserv.html